# कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश, नेपाल
वीरेन्द्रनगर, सुर्खेत

# कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७५

मा.मन्त्रीज्यूबाट मिति
२०७५/०८/०५ गते स्वीकृत

## प्रस्तावना

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषिजन्य बाली वस्तुको उत्पादन तथा बजारीकरणलाई सरल र सहज बनाई उत्पादन उपरान्त हुने क्षतिलाई न्यूनिकरण गरी गरिवी न्यूनिकरणमा टेवा पुऱ्याउन कृषि उद्यमी, कृषक समूह/सहकारी र कम्पनी मार्फत कृषिजन्य प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन गर्न बाञ्छनीय भएकोले मन्त्रालयले **कृषिजन्य वस्तु प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि,** २०७५ तयार गरेको छ ।

परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम तथा प्रारम्भः क) यस कार्यविधिको नाम "कृषिजन्य प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७५" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका अनुदान प्रवाह गर्ने निकाय सम्झनु पर्छ ।

(ग) "अनुदानग्राही" भन्नाले व्यवसायीक रुपमा कृषिजन्य प्रशोधन व्यवसाय संचालन गर्नका लागि छनौट भएका कृषि व्यवसायी सम्झनु पर्छ ।

(घ) "प्रस्ताव" भन्नाले उद्यमीले कृषिजन्य बालीवस्तु प्रशोधनका लागि आवश्यक पर्ने प्रयोगशाला, शेड हाउस, प्रशोधन केन्द्र, प्याक हाउस, आदि पूर्वाधारहरु तथा कृषि औजार तथा मेशिनरी औजारहरु निर्माण तथा खरीद गर्नका लागि अनुदान पाउन पेश गरेको कार्ययोजना सहितको आवेदन सम्झनु पर्छ ।

(ङ) "अनुदान" भन्नाले उधमीले कृषिजन्य बालीवस्तु प्रशोधनका लागि आवश्यक पर्ने प्रयोगशाला, शेड हाउस, प्रशोधन केन्द्र, प्याक हाउस, आदि पूर्वाधारहरुको विकास र सञ्चालन गर्नका लागी सहयोग पुऱ्याउन उपलब्ध गराइने नगद तथा वस्तुगत सहयोगलाई सम्झनु पर्छ ।

(च) "कृषि व्यवसायी" भन्नाले प्रचलित कानुन वमोजिम आधिकारीक निकायमा दर्ता भएका कृषि कम्पनी, कृषि फार्म, कृषि सहकारी, कृषक समुह र कृषि उद्यमी समेतलाइ सम्झनु पर्छ ।

(छ) "पूर्वाधार" भन्नाले कृषिजन्य प्रशोधन केन्द्र स्थापनाका लागि आवश्यक पर्ने प्रयोगशाला, प्रशोधन मेशिनरी, भवन समेत सम्झनु पर्छ ।

(ज) "परियोजना" भन्नाले यस कार्यक्रमा छनौट भएको कृषिजन्य प्रशोधन केन्द्रलाई सम्झनु पर्छ ।

उपसचिव

सचिव

विमला के.सी.
मन्त्री

परिच्छेद-२

## कार्यक्रम संचालन प्रक्रिया

३. **अनुदान प्रवाह गर्ने निकाय** : अनुदान प्रवाह गर्ने निकाय मन्त्रालय अन्तर्गतका कार्यालयहरु रहनेछन् ।

४. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान** : सुचना प्रकाशन तथा प्रस्ताव आव्हान देहायनुसार गरिनेछ :-

१. कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ । सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत सो सम्बन्धी सूचना प्रचार प्रसार गर्न सकिनेछ ।

२. प्रस्ताव पेश गर्न इच्छुक कृषि व्यवसायसँग सम्बन्धित सहकारी/कृषक समूह/निजी फार्म/कृषक उद्यमीले अनुसूची-२ अनुसारको निवेदन साथ अनुसूची-३ बमोजिम प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. **आवेदनका लागि चाहिने आवश्यक कागजात** :- आवेदकले आवेदन साथ निम्न बमोजिम कागजातहरु संलग्न गर्नुपर्नेछ :-

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

२. कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि भित्र कृषिजन्य प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि

३. कृषिजन्य प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन गर्ने अनुसूची -३ अनुसारको प्रस्तावना

४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र

५. सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि

६. सहकारी र निजी फर्मको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण

७. सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि

८. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी

९. आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि अनुदानग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु ।

१०. आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि विस्तृत कार्ययोजना सहितको प्रस्ताव।

६. **कार्यक्रम कार्यान्वयन प्रक्रिया** : कृषि जन्य प्रशोधन केन्द्र कार्यक्रम कार्यान्वयन प्रक्रिया देहायवमोजिम हुनेछ :-

१. यस कार्यक्रम कार्यान्वयनको लागि भौगोलिक क्षेत्र, बाली, वातावरणीय प्रभाव र व्यवसायिक अनुकुलता तथा प्रतिकुलताको आधारमा उपयुक्त डिजाइन, लेआउट तथा लागत इस्टिमेट अनुदान प्रवाह गर्ने निकायले निर्धारण गरे वमोजिम हुनेछ ।

२. स्थानीय स्तरमा अनुदानग्राही मार्फत कार्यान्वयनको जिम्मेवारी कृषि ज्ञान केन्द्रको हुनेछ ।

उपसचिव सचिव मा.विमला के.सी. मन्त्री

७. <u>प्रस्तावको मूल्याङ्कन तथा छनौटः</u> समितिले स्वीकृत आधार र मापदण्ड बमोजिम प्राप्त प्रस्तावहरुको मूल्यांकन तथा छनौट गर्नेछ । यस्ता आधार र मापदण्ड अनुसूचि -४ मा उल्लेख भए बमोजिम हुनेछ।

८. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः</u> प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहायानुसार हुनेछः-

| | |
|---|---|
| क. विषयसँग सम्बन्धित अधिकृत वा कार्यालय प्रमुखले तोकेको प्रतिनिधि, | - संयोजक |
| ख. आर्थिक शाखा प्रमुख, सम्बन्धित कार्यालय | - सदस्य |
| ग. खरिद ईकाइ प्रमुख, सम्बन्धित कार्यालय | -सदस्य-सचिव |

१. समितिले आवश्यकता अनुसार बैठकमा सम्बन्धित विषय विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

२. समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

३. मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क. स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्नेछ ।

ख. आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ग. समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ. समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ दिन भित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा ७ दिनको म्याद थप गर्न सकिनेछ ।

ङ. मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

४. कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्नेछ ।

५. छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्तावकर्तालाई सूचना दिनुपर्नेछ ।

६. छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

उपसचिव सचिव मन्त्री

९. **सम्झौता र भुक्तानी** : कृषिजन्य प्रशोधन केन्द्र निर्माण तथा सञ्चालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुनेछः-

१. **सम्झौताः** अनुदान प्रवाह गर्ने निकायले छनौट भएको अनुदानग्राहीसँग भुक्तानी प्रकृया तथा अनुदानग्राहीको दायित्व स्पष्ट रुपमा उल्लेख भएको सम्झौता अनुसूची-५ अनुसार गर्नु पर्नेछ ।

२. **भुक्तानी विधिः** अनुदान रकमको भुक्तानी अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा गरिनेछ ।

क) सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,

ख) पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,

ग) सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

घ) भुक्तानी हुँदाका बखत अनुदानग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बीलहरुमा स्पष्ट देखिएको हुनु पर्नेछ ।

ङ) भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुन बमोजिम हुनेछ ।

च) अनुदानग्राहीले रनिङ्ग बील तथा तोकिएको कार्य सम्पादन गरी कार्यसम्पन्न बीलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सात दिन भित्र कार्यालयले कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ।

३. **अनुदान रकमः** स्वीकृत कार्यक्रम र बजेटको परिधि भित्र रही प्रस्तावको उपयुक्तताको आधारमा कृषि व्यवसायसँग आवद्ध सहकारी, कृषक समुह र कृषि उद्यमी/कृषि फार्म/कम्पनीलाई लागत अनुमानको आधारमा बढीमा क्रमशः ७०%, ६०% र ५०% अनुदान रकम प्रदान गरिनेछ । स्वीकृत पूँजीगत अनुदान अन्तर्गत पूर्वाधार निर्माण प्रकृति कार्यहरुका लागि दिइने अनुदान रकम पाँच प्रतिशत सम्म रनिङ्ग बिलको आधारमा कन्टिन्जेन्सी वापत कट्टा गर्न सकिनेछ । उक्त कट्टा गरिएको कन्टिन्जेन्सी रकम मन्त्रालय, निर्देशनालय र जिल्ला स्थित कार्यालयबाट नियमित रुपमा गरिने अनुगमन निरीक्षण, सुचना प्रकाशन, बैठक, प्रचार प्रसार र प्राविधिक खर्च आदि शिर्षकहरुमा खर्च गर्नुपर्नेछ ।

उपसचिव | सचिव | मा.विमला के.सी. मन्त्री

१०. <u>अनुदानग्राही उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरु</u> : अनुदानग्राही उपभोक्ताले देहायनुसार शर्तहरु पालन गर्नुपर्नेछ :-

१. अनुदानग्राहीले आफनो स्वीकृत परियोजना सम्बन्धित कामको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि सहितको सार्वजनिक सूचना पाटी कार्यक्रम स्थलमा राख्नु पर्नेछ ।

२. व्यवसाय शुरुवात देखि सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राखेको हुनु पर्नेछ।

३. व्यवसायीले कसैलाई रोजगारी दिएको अवस्थामा करार सम्झौता सहित राख्नु पर्नेछ र मासिक तलव दिने गरी रोजगारी दिएको अवस्थामा अनिवार्य रुपमा बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. कार्य सञ्चालनका क्रममा मन्त्रालय र मातहतका कार्यालयहरुबाट दिइएको निर्देशनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

५. मन्त्रालय र मातहतका कार्यालयले खोजेका बखत अनुदानग्राहीको परियोजना र सञ्चालन कार्यप्रगति हेर्न सक्नेछ र सो कार्यप्रगति देखाउनु सम्बन्धित अनुदानग्राहीको दायित्व हुनेछ ।

६. अनुदानग्राहीले कम्तिमा खेतीको हकमा ५ वर्ष र साना उद्योगहरु र भौतिक पुर्वाधार निर्माणको हकमा १० वर्ष अविछिन्न रुपमा स्वीकृत व्यवसाय सञ्चालन गर्ने कुरा सेवाका शर्त खुलाउनु पर्नेछ ।

७. अनुदानग्राहीले सम्बन्धित बाली/वस्तुको बीमा गराउनु पर्नेछ ।

८. अनुदान रकम भुक्तानीका लागि सार्वजनिक सुनुवाई गरी रंगिन फोटो सहित पेश गर्नुपर्नेछ ।

९. अनुदानमा उपलब्ध गराईएको कृषि यन्त्र उपकरणहरु तथा भौतिक पूर्वाधारहरु कृषि कार्यको समयमा कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

१०. अनुदानबाट प्राप्त कृषि यन्त्र उपकरण औजारहरु तथा भौतिक पूर्वाधारहरुको मर्मत संभार उपभोक्ता स्वयमले गर्नुपर्नेछ ।

११. समूह सहकारीबाट सञ्चालित यन्त्र औजार उपकरणहरु तथा भौतिक पूर्वाधारहरुको लागत मूल्यको ५ प्रतिशतले हुन आउने रकम बराबरको अनिवार्य रुपमा एक मर्मत सम्भार कोष खडा गर्नुपर्नेछ । सो रकम समूह वा सहकारीले आफै व्यहोर्नु व्यवस्था मिलाउनु पर्नेछ ।

१२. अनुदानबाट प्राप्त कृषि औजार उपकरणहरु तथा भौतिक पूर्वाधारहरुको संरक्षण र समुचित प्रयोग गर्ने जिम्मेवारी पूरा नगर्ने उपभोक्तालाई अन्य सेवा सुविधाबाट बञ्चित गरिनेछ । समुचित प्रयोग भएको नपाईएमा अनुदान प्रवाह गर्ने निकायले जुनसुकै बेला औजार उपकरण फिर्ता लैजान सक्नेछ ।

१३. अनुदानमा प्राप्त औजार उपकरणमा अनुदान दिने निकाय तथा अनुदान रकम नमेटिने मसीले लेख्नुपर्नेछ । भौतिक पूर्वाधारहरुमा होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।

१४. कृषि औजार उपकरण खरिद गर्दा आधिकारिक श्रोत केन्द्रबाट मात्र खरिद गर्नु पर्नेछ ।

१५. प्रशोधन उद्योगमा उत्पादन भएका उत्पादनहरुको गुणस्तर सुनुश्चित गर्नु पर्नेछ । उत्पादनको प्रयोगशाला परीक्षण गराउनु पर्नेछ ।

१६. प्रशोधन उद्योगमा उत्पादन भएका उत्पादनहरुको अद्यावधिक विवरण राख्नु पर्नेछ र माग भएका बखत उपलब्ध गराउनु पर्नेछ ।

उपसचिव    सचिव    मा.विमला के.सी. मन्त्री

परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

११. <u>अनुगमन मुल्याङ्कन</u>:- कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

परिच्छेद-४

## विविध

१२. <u>पुरस्कार तथा कार्वाहीको व्यवस्था:-</u> पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुनेछः-

क. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिनेछ ।

ख. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने अनुदानग्राहीलाई अनुदान रकम उपलब्ध गराइने छैन ।

ग. अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

घ. यस्ता अनुदानग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

<u>द्रष्टव्य</u>: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

१३. <u>बाधा अड्काउ फुकाउने:-</u>

क. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ ।

ख. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

उपसचिव | सचिव | मा.विमला के.सी. मन्त्री

अनुसूची-१
दफा ४ को उप दफा १ सँग सम्बन्धित

<u>अनुदान रकम उपलब्ध गराउनका लागि प्रस्ताव आव्हानको सूचना</u>

सूचना । सूचना ।। सूचना ।।।

यस ...........................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ............................ अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ............................ जिल्लाका इच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .............दिन भित्र .....................................मा तपसिल अनुसारका कागजातहरु एवं अनुसूची .... अनुसार व्यवसायिक योजना सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि ............................कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

<u>आवश्यक कागजात</u>

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यवसायमा आवद्ध सम्बन्धित सहकारी वा उपभोक्ता समुह वा कृषक समूहले सूचना अवधि भित्र लागत सहभागीतामा कार्यक्रम सञ्चालन गर्न सहकारीको हकमा सञ्चालक समितिको अन्यको हकमा संस्थागत निर्णय र विनियम वा विधानको प्रतिलिपि
३. ........................गर्ने अनुसूची.........अनुसारको प्रस्तावना
४. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र
५. सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
६. सहकारी र निजी फर्मको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण
७. सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
८. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
९. प्रतिवद्धता पत्र
१०. अन्य आवश्यक कागजातहरु

उपसचिव सचिव मा.विमला के.सी. मन्त्री

अनुसुची २
दफा ४ को उप-दफा २ सँग सम्बन्धित

## निवेदन ढाँचा

मिति....

विषय: कृषिजन्य प्रशोधन केन्द्र निर्माण तथा सञ्चादनका लागि अनुदान रकम उपलव्ध गरि पाउ

श्रीमान् प्रमुख ज्यू

.......................

महोदय

हामी निम्न लिखित प्रस्तावना फारम (क) मा दस्तखत भएका व्यक्तीहरुवाट ...

जिल्ला... गापा/नपा वडा न...... मा पर्ने .............. नामक कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्घमी ले ...................................... कार्य संचालनका लागि अनुदान रकमको आवश्यकता परेकोले रु १० को टिकट टास गरि अनुसुचीमा संलग्न फारम भरि यो प्रस्तावना पेश गरेका छौ ।

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी

अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

उपसचिव सचिव ...विजला के.सी. मन्त्री

अनुसूची-३

दफा ४ को उप-दफा २ सँग सम्बन्धित

**प्रस्ताव फाराम**

**खण्ड १: प्रस्तावित परियोजनाको सारांश**

| | |
|---|---|
| परियोजनाको नाम : | .... |
| प्रस्तावित कार्य: | |
| आवेदकको नाम : | |
| ठेगाना : | |
| आधिकारिक व्यक्तिको नाम र ठेगाना : | |
| टेलिफोन नं : | |
| व्यवसाय दर्ता बर्ष : | |
| मु. अ. कर/स्थायी ले. नं. र दर्ता वर्ष : | |
| बैंक खाता विवरण : | बैंकको नाम :<br>ठेगाना :खाता नं. :<br>खाता संचालकहरुको नाम : |
| आवेदकको परिचय तथा अनुभवः | अनुभव र योग्यता सम्बन्धी यहाँ उल्लेख गरी कागजातहरु अनुसूचीमा संलग्न राख्ने । |
| प्रस्तावित व्यवसायको सारसंक्षेप क्षेत्रफल सहित | व्यवसायको किसिम : खाद्यान्न/तरकारी/फलफूल/ माछापालन/मौरी/च्याउ आदि<br>हालको क्षेत्रफल र उत्पादनः |

उपसचिव सचिव मन्त्री

| | |
|---|---|
| | खेती गरिएको वा गरिने क्षेत्रफलः |
| जम्मा लागत रु. | |
| अनुदान माग रु. | |
| स्वलगानी रु. | |
| स्वलगानीको प्रतिशत | |
| परियोजना संचालन स्थल : | जिल्ला :<br>......................न.पा./गा.पा.<br>वार्ड नं: :<br>स्थान :<br>मोहडाः<br>समुद्र सतहदेखि उचाईः.................मि |
| वर्तमान क्रियाकलापहरु | हाल गरिरहेको कृयाकलापहरु तथा सो व्यवसायको फैलावटको अवस्था.......... |
| हाल भएको प्रस्तावसंग सम्बन्धित पूर्वाधार तथा सम्पति | यसमा तरकारी खेती व्यवसाय गर्ने भए प्लाष्टिक घरको संख्या/मौरी पालन भए घार संख्या जस्ता खुलाउने |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्य | आयआर्जन बृद्धि गर्ने,व्यवसायिक खेती बृद्धि, रोजगारी बृद्धि गर्ने जस्ता क्रियाकलापहरु खुलाउने |

उपसचिव

सचिव

मा.विमला के.सी.
मन्त्री

| | |
|---|---|
| प्रस्तावित परियोजनाको मुख्य क्रियाकलाप | उद्येश्य प्राप्तिका लागि के-कस्ता काम गरिन्छ सो खुलाउने |

**खण्ड २ व्यवसायको विवरण**

| **२.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्ट्याई** |
|---|
| प्रस्तावित परियोजनाले प्रस्तावक तथा समुदायमा हुने फाईदा तथा उपलब्धि उल्लेख गर्ने । |

| **२.२ समस्याहरु, अवसर तथा प्रस्तावित क्रियाकलापहरु** | |
|---|---|
| समस्याहरु | अवसरहरु |
| १.<br>२.<br>३. | |
| **२.३ प्रस्तावित क्रियाकलापहरु**<br>क्रियाकलापहरुको संक्षिप्त विवरण (के, कसरी, कस्ले, कहाँ गर्ने) ।<br>जस्तै:क्रियाकलाप १ | |

सचिव

उपसचिव

मा.विमला के.सी.
मन्त्री

| |
|---|
| क्रियाकलाप २ …………… <br><br> क्रियाकलाप ३ ……………… <br><br> क्रियाकलाप ४ ………………… <br><br> क्रियाकलाप ५……. <br><br> क्रियाकलाप ६……… <br><br> अन्य….. |
| **२.४ नतिजा र प्रतिफल** |

| प्रतिफल सूचकहरु | परियोजनाको लक्ष्य |
|---|---|
| ओगट्ने क्षेत्रफल | ………………………………रोपनी |
| उत्पादन क्षमता (५ वर्षको उल्लेख गर्ने) | ……………संख्या, …………टन |
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | मुख्य-मुख्य मेशिन औजार तथा जातको नाम, प्रकार तथा क्षमता उल्लेख गर्ने (**आवश्यकता अनुसार थप पानामा उल्लेख गर्ने**) |
| विक्रि परिमाण बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ……टन/वार्षिक |
| आम्दानी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | रु. ……./वार्षिक |

उपसचिव

सचिव

ना.विमला के.सी.
मन्त्री

| | |
|---|---|
| रोजगारी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | ......जना स्वरोजगार, .........जना वर्षैभरी रोजगार, ...... जना वा कार्यदिन आंशिक रोजगार |

३. पहिले अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको नगरेको । गरेको भए उल्लेख गर्ने ।

४. प्रस्तावित परियोजनाका लागि अन्य कुनै निकायसंग साझेदारी गरे नगरेको । गरेको भए खुलाउने ।

**५. कार्यतालिका**

| क्रियाकलाप | अवधि (महिना) | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

सचिव

मा.विमला के.सी.
मन्त्री

उपसचिव

## प्रतिबद्धता पत्र

..............................................................................................मन्त्रालय/निर्देशनालय/केन्द्रको मिति ..............................को सूचना अनुसार ............................ कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको व्यवसायिक योजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । व्यवसायिक योजना अुनसारको कार्य नगरेमा वा ५ (पाँच) वर्ष अगावै सो कार्यहरु बन्दगरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

उपसचिव

सचिव

ना.विमला के.सी.
मन्त्री

## अनुसूचि-४

दफा ७ सँग सम्बन्धित

**................प्रस्ताव मूल्यांकन फाराम**

| क्र.सं. | प्रस्ताव मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १ | **.........निर्माणका लागि प्रस्तावित जमिनको उपयुक्तता** | २० |
| क | संरचना निर्माणका लागि उपयुक्त सडक, सिचाइ, विजुली, आवश्यक जमिनको क्षेत्रफल भएको | २० |
| ख | सडक, सिंचाइ र आबश्यक जमिनको क्षेत्रफल भएको तर विजुलीको सुविधा नभएको | १५ |
| ग | सिंचाइ र आबश्यक जमिनको क्षेत्रफल भएको तर सडक र विजुलीको सुविधा नभएको | १० |
| घ | जमिनको क्षेत्रफल भएको तर सडक, सिंचाइ र विजुलीको सुविधा नभएको | ५ |
| २ | **प्रस्तावित व्यवसायिक योजना** | २० |
| क | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरु, वातावरण मैत्री, दिगोपना, मुनाफाजनक र रोजगारमूलक | २० |
| ख | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरु, वातावरण मैत्री, दिगोपना र मुनाफाजनक | १५ |
| ग | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरु, वातावरण मैत्री र मुनाफाजनक | १० |
| घ | व्यवसायिक दृष्टिले बढी उपयूक्त बालीहरु र मुनाफाजनक | ५ |
| ३ | **आवेदकको प्राविधिक क्षमताको अवस्था** | १५ |
| क | आवेदकसंग विगतमा विभिन्न बालीहरुको प्रशोधन गरीएको कम्तिमा ४ वर्षको कार्य अनुभव भएको | १५ |
| ख | आवेदकसंग विगतमा विभिन्न बालीहरुको प्रशोधन गरीएको कम्तिमा ३ वर्षको कार्य अनुभव भएको | १२ |
| ग | आवेदकसंग विगतमा विभिन्न बालीहरुको प्रशोधन गरीएको कम्तिमा २ वर्षको कार्य अनुभव भएको | ८ |

उपसचिव

सचिव

| | | |
|---|---|---|
| घ | आवेदकसंग विगतमा विभिन्न बालीहरुको प्रशोधन गरीएको कम्तिमा १ वर्षको कार्य अनुभव भएको | ५ |
| ४ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १५ |
| क | लागत अंश ३०% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | १५ |
| ख | लागत अंश २५% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | १२ |
| ग | लागत अंश २०% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | ८ |
| घ | लागत अंश १५% वा सो भन्दा बढी व्यहोर्न सक्षम भएको प्रमाण देखिएको | ५ |
| ५ | **सामाजिक दायित्व र बजार सम्बन्ध** | १० |
| क | प्रभाव क्षेत्रका समुदायसंग अन्तर सम्बन्धित सेवाको व्यवस्था | ४ |
| ख | स्थानीयलाइ रोज गारीको अवसर | ३ |
| ग | मूल्य श्रृखला सम्बन्ध | ३ |
| ६ | **प्रस्ताव कर्ता वर्गीकरण** | २० |
| क | सहकारी | २० |
| ख | समूह | १० |
| ग | निजी फार्म/ कृषक उद्यमी | ५ |
| | **कुल जम्मा** | १०० |

नोटः १.मूल्याकन समितिले आवश्यक ठानेमा मूल्याकनका कुनै एक आधारमा उप आधारहरु तयार गरी मूल्याकन गर्न सक्नेछ ।

२.महिला तथा लक्षित वर्ग केन्द्रित सहकारी/समूहहरुलाई प्राथमिकता दिईनेछ ।

उपसचिव    सचिव    मा.विमला के.सी. मन्त्री

अनुसूची-५

दफा ९ को उप-दफा १ सँग सम्बन्धित

## सम्झौता पत्रको नमूना

यो सम्झौता पत्र............कार्यालय/केन्द्र (यस पछि पहिलो पक्ष भनिएको) र ................ समुह/सहकारी संस्था/सञ्चालक समिति/उपभोक्ता समिति/कृषि फार्म/उद्यमी कृषक ...... गा.पा /नपा वडानं. टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति .......... साल .........महिना .... गतेसम्म संम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. यस सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई इष्टिमेट अनुसारको कार्य सञ्चालन गर्न योजनाको प्रकृति अनुसार वढीमा तीन किस्ता वा एकमुष्ट रकम देहाय बमोजिम भुक्तानी गरिने छ,

    १. सम्झौता भएपछि कार्ययोजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा बीस प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत अनुदान रकमको २०% भुक्तानी,
    २. पचास प्रतिशत कार्य सम्पन्न भएपछि सम्पूर्ण बील भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० % पहिलो रनिङ्ग बीलको रुपमा भुक्तानी,
    ३. सबै कार्य सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भएपछि ५०% तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी ।

४. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी ) र दोस्रो पक्षको लागत सहभागिता रु. (अक्षरेपी ) व्यहोरिनेछ ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको पुर्वाधार निर्माण तथा मर्मत सम्भारका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्र सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

७. पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्दा दोस्रो पक्षले निर्माण तथा मर्मत सम्भारको संरचनागत विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा सम्पूर्ण विवरण सहितको सार्वजनिक सूचना पाटी राख्नु पर्ने छ ।

उपसचिव सचिव मा.विमला के.सी. मन्त्री

९. सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य सोही आ.व. भित्र सम्पन्न गर्नु पर्नेछ ।
१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भएको मितिले सात दिन भित्र सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ ।
११. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।
१२. दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।
१३. सम्झौता बमोजिमको निर्माण तथा मर्मत सम्भार सम्बन्धी सम्पन्न भई कार्य स्वीकार प्रतिवेदन अनुरुप संरचना हस्तान्तरण भैसकेपछि सो को मर्मत सम्भार सम्बन्धी कार्य सम्बन्धित दोस्रो पक्षको हुनेछ ।
१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।
१५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| पद :- | पद :- |
| मिति :- | मिति :- |
| कार्यालयको छाप :- | संस्थाको छाप :- |

रोहवर

| | |
|---|---|
| दस्तखत :- | दस्तखत :- |
| नाम :- | नाम :- |
| ठेगाना :- | ठेगाना :- |
| मिति :- | मिति :- |

उपसचिव

सचिव

मा.विमला के.सी.
मन्त्री